Translated by
Spoken Tutorial
IIT Bombay

शरीरमाद्यं खलु धर्मसाधनम्

# एम्स, नयाँ दिल्ली

# कोभिड-१९

## सतर्क रहौं, नडराऊ


कोरोनाको भ्रामक डर हटाऊ, सही जानकारी लिऊ र जागरूक बनौं, खोक्ने, हात धुने र व्यक्तिगत सर-सफाइको नियमहरू पालना गरौं, अन्य व्यक्तिलाई सावधान गराउन सहयोग गरौं |



अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स), नयाँ दिल्ली

# कोभिड-१९ (COVID-19) के हो?

**कोभिड-१९ (COVID-19) एउटा संक्रामक रोग हो जुन भर्खरै पत्ता लागेको नोबेल कोरोना भाइरसको कारणले हुन्छ |**



# यो कसरी सर्छ?

- जब एउटा रोगले ग्रसित व्यक्तिले हाच्छ्युं गर्छ वा खोक्छ, त्यसको छिटाहरू हावामा फैलिन्छ वा जमिन वा वरिपरिको सतहमा खस्छ |
- यदि अर्को कोही व्यक्ति नजिकै छ र सास फेर्दा यी छिटाहरू उसको शरीर भित्र प्रवेश गरेमा वा ती सतहहरू छोएर आफ्नो अनुहार, आँखा वा मुख छोए, उक्त व्यक्तिलाई संक्रमण सर्न सक्छ |
- यदि संक्रमित व्यक्तिदेखि अर्को व्यक्तिको दूरी १ मिटर भन्दा कम भएमा संक्रमण हुने सम्भावना बढि हुन्छ |



शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# यदि कुनै व्यक्तिलाई यो रोग लागेमा के हुन्छ?

- अधिकांश व्यक्तिहरू (८०%) लाई कुनै उपचारको आवश्यकता पर्दैन र उनीहरू आफैँ निको हुन्छन् |
- केही प्रतिशत (<२०%) लाई अस्पतालमा भर्ना गर्न आवश्यक पर्न सक्छ |
- एकदमै कम व्यक्तिहरू (मुख्यत: कुनै दीर्घ रोगका बिरामी) लाई गहन चिकित्सा कक्ष (आई.सी.यू.) मा भर्ना गर्नुपर्ने हुन सक्छ |



Translated by

Spoken Tutorial
IIT Bombay

AIIMS, NEW DELHI

# यो रोग कुन उमेर समूहमा फैलिन्छ? के यो बच्चालाई पनि लाग्न सक्छ?

- यो रोग सबै उमेरका व्यक्तिहरूलाई लाग्न सक्छ |
- घरमा यो रोगले ग्रसित अर्को व्यक्ति मार्फत यो बच्चामा पनि सर्न सक्छ |
- सामान्यत: यो संक्रमण बच्चामा कम हुन्छ |
- बृद्ध-बृद्धाहरू र पहिले नै कुनै रोगबाट ग्रसित (जस्तै उच्च रक्तचाप, हृदय रोग, फोक्सोको रोग, क्यान्सर वा डायबिटिज भएका) व्यक्तिहरु सिकिस्त बिरामी हुने डर धेरै हुन्छ |



AIIMS, NEW DELHI


Translated by


Spoken Tutorial
IIT Bombay

# कोरोना भाइरस सतह वा बस्तुहरूमा कति समयसम्म बाच्न सक्छ?

- कोभिड-१९ (COVID-19) सतहमा कति समयसम्म बाच्न सक्छ भन्ने यकिन भएको छैन तर यो अन्य कोरोना भाइरस जस्तै नै छ ।
- अध्ययन अनुसार कोरोना भाइरस (कोभिड-१९ को प्रारम्भिक जानकारी सहित) सतहहरूमा केही घण्टा वा केही दिन सम्म पनि रहन सक्छ ।
- यो विभिन्न परिस्थिति अनुसार भिन्नाभिन्नै हुन सक्छ (जस्तै सतहका प्रकारहरू, तापक्रम वा वातावरणको आर्द्रता) ।
- यदि तपाईलाई कुनै पनि सतह संक्रमित भएको लाग्छ भने यसलाई साधारण किटाणुनाशक प्रयोग गरी सफा गर्नुहोस् साथै आफूलाई र अन्यलाई बचाउनुहोस् ।
- आफ्ना हातहरू अल्कोहल भएको ह्यान्ड रबले सफा गरौं वा साबुन – पानीले धोऔं ।
- आफ्नो आँखा, मुख वा नाक छुने काम नगरौं ।







यसको उद्देश्य भनेको संक्रमित सतहहरूबाट तपाईको हात र अनुहार/मुख/आँखालाई बचाउनु हो ।

शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Spoken Tutorial
IIT Bombay




# यसका सामान्य लक्षणहरू के हुन्?

**यसका लक्षणहरू निम्नलिखित छन्:**

---

- ज्वरो, घाँटी दुख्ने, खोकी र सास फेर्न अप्ठेरो हुने |
- यसको लक्षण कुनै पनि भाइरल संक्रमण जस्तै रुघाखोकी, इन्फ्लुएन्जा आदिका लक्षण जस्तै हुन्छन् |







AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# मैले कोसँग परामर्श लिनुपर्छ?

यदि तपाईलाई आफ्नो श्वास-प्रश्वासमा संक्रमण भएको लक्षणहरू देखापर्नुका साथै तलका कुनै सही भएमा आफ्नो पारिवारिक डाक्टरसँग परामर्श लिनुपर्छ।

- कोरोना भाइरस प्रभावित क्षेत्रको यात्रा गरेको भए।
- कोरोना भाइरस संक्रमित व्यक्तिसँग नजिकको सम्पर्क भए।



शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# के परीक्षण गर्ने र कहाँ परीक्षण गराउने?

यदि तपाईमा कुनै पनि लक्षण (खोकी, ज्वरो, वा सास फेर्न समस्या) देखा परेको छैन भने कोभिड-१९ (COVID-19) को जाँच गराउनु पर्दैन



यदि तपाईमा माथिका मध्ये कुनै लक्षणहरू देखापरेमा र कुनै कोभिड-१९ (COVID-19) प्रभावित देशको यात्रा गरेमा वा यदि तपाई कुनै प्रयोगशालामा कोरोना पोजिटिभ प्रमाणित व्यक्तिको सम्पर्कमा आएको भएमा तुरुन्त राज्यको हेल्पलाइन नम्बर वा स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालय, भारत सरकारको

*२४x७ हेल्पलाइन नम्बर अर्थात्*
*०११-२३९७ ८०४६*
*र टोल फ्री नं.: १०७५ मा सम्पर्क गर्नुहोला।*

- हेल्पलाइन डेस्कले तपाईको सम्पर्क विवरण टिप्ने छन् र कोभिड-१९ (COVID-19) परीक्षण प्रोटोकल अनुसार तपाईलाई सम्पर्क गर्ने छन्।
- यदि तपाई प्रोटोकल अनुसार परीक्षणको लागि योग्य भएमा केवल सरकारी स्वीकृती प्राप्त प्रयोगशालामा मात्र तपाइको परीक्षण हुने छ।

शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# के कोरोना भाइरस संक्रमणको कुनै उपचार छ?

• अहिले सम्म कोरोना भाइरस संक्रमणको कुनै निश्चित उपचार छैन |

• कोरोना भाइरस संक्रमणको उपचारमा, लक्षणहरू सम्बन्धित् उपचार गरिन्छ |

• यो एउटा भाइरल संक्रमण भएको हुनाले ८०% भन्दा बढि व्यक्तिहरू केही दिनमै निको हुन्छन् |

• केही थोरै प्रतिशत व्यक्तिहरूमा रोगको गम्भीर लक्षणहरू देखा परेमा अस्पताल/ आई.सी.यू. मा भर्ना गर्नुपर्ने हुन सक्छ |



AIIMS, NEW DELHI
Translated by
Spoken Tutorial
IIT Bombay

# कोभिड-१९ (COVID-19)

## के कोरोना संक्रमणको उपचारको लागि विशेष औषधि उपलब्ध छ?

- छैन, अहिले सम्म संक्रमणको उपचारको लागि कुनै पनि विशेष एन्टी-भाइरल औषधि उपलब्ध छैन तथापि अधिकांश व्यक्तिहरू अन्य भाइरल बिरामीहरू जस्तै कुनै समस्या विना निको हुन्छन् |

- अन्य कोरोना भाइरस संक्रमणमा प्रयोग गरिएका केही औषधिहरू एकदमै बिरामी रोगीहरूलाई दिएर हेरिँदै छ |



शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# म आफ्नो र परिवारका सदस्यहरूको सुरक्षा कसरी गर्न सक्छु?

- तपाई सामान्य सावधानीहरू अपनाएर कोभिड-१९ (COVID-19) बाट संक्रमित हुने वा यसलाई फैलाउने जोखिम कम गर्न सक्नुहुन्छ:

- बाहिरबाट फर्केपछि वा कोरोना भाइरस संक्रमित व्यक्तिलाई भेटेर आएपछि नियमित रूपमा अल्कोहोल भएको ह्यान्ड रब वा साबुन-पानीले राम्ररी हात धोऔं |

- आफ्नो र कुनै खोक्दै वा हाच्छ्यु गर्दै गरेको व्यक्तिको दूरी कम्तिमा पनि १ मिटर (३ फिट) राखौं |

- आँखा, नाक र मुख छुने काम नगरौं |

- ध्यान राखौं कि तपाईले र तपाई वरिपरिका व्यक्तिहरूले सही श्वासप्रश्वास प्रक्रिया अपनाएको होस् | यसको मतलब तपाईले खोक्दा वा हाच्छ्यु गर्दा कुहिनो बंग्याएर वा टिश्युले छोप्नुपर्छ | यसपछि प्रयोग गरेको टिश्यु तुरुन्त फालौं |

- यदि तपाईलाई सन्चो नभएमा घरमै बस्नुहोस् | यदि तपाईलाई ज्वरो आएमा, खोकी लागेमा र श्वासप्रश्वासमा समस्या भएमा डाक्टरको परामर्श लिनुहोला |







शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# मास्क कसले प्रयोग गर्नुपर्छ?



**कुनै पनि लक्षण नदेखिएका व्यक्तिहरू मास्क प्रयोग नगरौं |**

कुनै पनि लक्षण नदेखिएका स्वस्थ व्यक्तिहरूले मेडिकल मास्क प्रयोग गर्नुहुँदैन किनभने यसले गर्दा सुरक्षित रहने गलत भावना पैदा भई हात धुने जस्तो आवश्यक सावधानीमा ध्यान कम हुन सक्छ |

## त्यस्तो अवस्थामा, यी उपायहरू प्रभावकारी हुन्छन्:

- नियमित रूपमा साबुन-पानीले २० सेकन्डसम्म हात धोऔं | कम्तिमा ७०% अल्कोहल भएको ह्यान्ड स्यानिटाइजर २० सेकन्डसम्म प्रयोग गर्नुपर्छ | यदि हात फोहोर भएमा वा माटो लागेमा, ह्यान्ड स्यानिटाइजर प्रयोग गर्नुको सट्टा साबुन-पानीले हात धोऔं |
- खोक्दा वा हाच्छ्यु गर्दा रुमाल वा पेपर टिश्युले नाक र मुख छोपौं | यदि रुमाल वा टिश्यू उपलब्ध नभएमा कुहिनो बंग्याएर मुख छोपौं | प्रयोग पश्चात तुरुन्त टिश्यु फालौं |
- अनुहार, मुख, नाक र आँखा छुने काम नगरौं |
- खोक्दै वा हाच्छ्यु गर्दै गरेको व्यक्ति देखि कम्तिमा पनि एक मिटरको दूरीमा बसौं | आफ्नो शरीरको तापक्रमको ध्यान राखौं |

AIIMS, NEW DELHI

Translated by Spoken Tutorial IIT Bombay

# कहिले र कसले मेडिकल मास्क प्रयोग गर्ने (स्वास्थ्य कर्मचारी बाहेक)?

- जब कोही व्यक्तिलाई खोकी लाग्छ वा ज्वरो आउँछ | तीन तहको मेडिकल मास्कको प्रयोगले तपाईको संक्रमण अन्यमा सर्दैन | तथापि, संक्रमण अरूमा सर्नबाट रोक्न तपाईले नियमित रूपमा हात पनि धुनुपर्छ |
- कुनै स्वास्थ्य सेवा केन्द्रमा जाँदा |
- जब तपाई एउटा रोगीको हेरचाह गर्दै हुनुहुन्छ भने |
- संदिग्ध / रोग पुष्टि भईसकेका व्यक्तिहरूको घरेलु हेरचाहमा संलग्न परिवारका सदस्यहरू तथा आफन्तहरूले पनि तीन तहको मेडिकल मास्क प्रयोग गर्नुपर्छ |






AIIMS, NEW DELHI

Translated by

Spoken Tutorial
IIT Bombay

# ह्यान्ड स्यानिटाईजरको के भूमिका हुन्छ?

- ह्यान्ड स्यानिटाईजर तपाई कोरोना भाइरस संक्रमित बिरामीको हेरचाहमा संलग्न भएमा प्रयोग गर्नुपर्छ |
- साधारणतया, नियमित रूपमा साबुन-पानीले २० सेकन्डसम्म हात धुनु सबैभन्दा राम्रो विकल्प हो |
- यदि हात फोहोर भएमा वा माटो लागेमा अल्कोहोल भएको ह्यान्ड स्यानिटाईजरको प्रयोग गर्नुको सट्टा साबुन-पानीले हात धुनु राम्रो हुन्छ |




# के कोरोना भाइरस संक्रमणको उपचारमा कुनै विशेष खाद्य पदार्थ/ पेय पदार्थको कुनै भूमिका हुन्छ?

यसको लागि केही विशेष सुझाव छैन तथापि तपाईको आफ्नो नियमित भोजनमा फलफूल, सागसब्जी आदि सम्मिलित भएमा त्यसलाई जारी राख्न सक्नुहुन्छ |



शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI
Translated by
Spoken Tutorial
IIT Bombay

# के कोरोना भाइरस संक्रमणको उपचारको लागि कुनै खोप उपलब्ध छ?

- अहिले सम्म, कोभिड-१९ संक्रमणको उपचारको लागि कुनै खोप उपलब्ध छैन |



AIIMS, NEW DELHI
Translated by
Spoken Tutorial
IIT Bombay

# के कोरोना भाइरससँग सामना गर्ने सबै सुविधाहरू उपलब्ध छन्?

- संक्रमित कोरोना भाइरस रोगीहरूलाई भर्नाको आवश्यकता परेको खण्डमा उनीहरूको उपचारको लागि स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयले निर्दिष्ट स्वास्थ्य सेवा सुविधाहरू तयार पार्न पर्याप्त कदम चालेको छ |

- स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयको वेबसाइटको पब्लिक डोमेनमा आइसोलेसन तथा होम क्वारेन्टाइन, नमुना परिक्षण, प्रयोगशालाका सुविधाहरू र भर्ना गरिएका रोगीहरूलाई घर पठाउने बारेमा पर्याप्त मात्रामा जानकारी उपलब्ध छन् |



शरीरमाद्यं खलु धर्मसाधनम्
AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

# के-कस्ता साधारण भ्रमहरू छन्?

**के यो रोग खानेकुरो विशेषगरी कुखुरा, अन्डा र मासु खानाले सर्छ?**

त्यस्तो कुनैपनि राम्ररी पकाएको खानाले रोग सर्छ भन्ने प्रमाणित भएको छैन।

**के यो रोग घरपालुवा जनावरबाट सर्छ?**

यो रोग घरपालुवा जनावरबाट सरेको पाइएको छैन।

**के यो रोग कोरोना भाइरस संक्रमितको मृत शरीरबाट सर्न सक्छ?**

कोरोना भाइरस संक्रमित व्यक्तिको मृत शरीरबाट यो रोग सर्दैन।



AIIMS, NEW DELHI

Translated by
Spoken Tutorial
IIT Bombay

Translated by
Spoken Tutorial
IIT Bombay

# एम्स, नयाँ दिल्ली

## आवश्यक परेको खण्डमा कुन हेल्पलाइन नम्बरहरूमा सम्पर्क गर्नुपर्छ?

कोरोना भाइरसको लागि हेल्पलाइन नम्बर +९१-११-२३९७ ८०४६ रहेको छ तथा टोल फ्री नं.: १०७५

---

कुनैपनि ताजा जानकारीको लागि, स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोला।